# गौरादह नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
## झापा

## मेशनरी सामान खरिद सम्बन्धी दरभाउपत्र आवाहानको सुचना

प्रथम पटक सुचना प्रकासित मिति २०७५।०२।३०

गौरादह नगरकार्यपालिका र मातहतका वडा कायालय तथा बिषयगत कार्यालयको दैनिक कार्यको लागी मेशिनरी सामान खरीद गर्नु पर्ने भएकाले इच्छुक इजाजत प्राप्त कम्पनी ,फर्मका अधिकृत विकेताहरु बाट यो सुचना र दरभाउपत्र फारममा उल्लेखित शर्तका अधिनमा रहि सिलबन्धि दरभाउपत्र पेश गर्न आवाहान गरिएको छ ।

शर्तहरु

१.दरभाउपत्र फारम रु १०००।०० (पछि फित्ता नहुने गरी) तिरी यो सुचना प्रकाशित भएको मितिले १५ दिन सम्म वा मिति २०७०।०३।१३ गते भित्र कार्यालय समयमा खरिद गर्न सकिने छ ।

२.दरभाउपत्र फारम खरिद गर्न फर्म कम्पनीहरुले कम्पनी रजिष्ट्रेसन प्रमाण पत्र ,भ्याट ,पान न.दर्त्ता तथा नविकरण प्रमाण पत्र र आ.व.२०७३।०७४ को कर चुत्ता प्रमाणित प्रमाण पत्र पेश गर्नु पर्ने छ ।

३.दरभाउपत्र शर्तरहित केरमेट नभएको हुनु पर्ने छ, यदी केरमेट भएमा केरमेट भएको स्थानमा बोलपत्र दर्त्तावालाको दस्तखत र छाप अनिवार्य भएको हुनुपर्ने छ ।

४. शिलवन्दी दरभाउ पत्रमा उल्लेख भएको कवोल रकमको २.५ प्रतिशत रकम रकम यसकार्यालयको नाममा रहेको एन आई सी एशिया वैक लि गौरादहको धरौटी खाता न.८७ सिए ७५०३६११५२४०१_खातामा नगदै जम्मा गरेको सक्कल बैक भौचर पेश गर्नु पर्ने छ वा मान्यता प्रापत बैकले जारी गरेको बैक ग्यारेन्टी हुनु पर्ने छ ,साथै उत्त बैक ग्यारेन्टी विड भ्यालिडिटी ९० दिनको हुनु पर्ने छ ।

५.दरभाउपत्र पेश गर्दा दरभाउपत्र भित्र दर रेट अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्ने छ, केरमेट भएकोमा केरमेट भएको स्थानमा सहीछाप गनु पर्ने छ दर रेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

६. एक फर्मको नाममा खरिद गरीएको दरभाउपत्र फारम अर्को फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

७ खरिद भएको दरभाउपत्र फारम सिलबन्दी गरी खाम बाहिर आफ्नो फर्मको नाम वतन र कामको विवरण स्पष्ट उल्लेख गरी मिति ७०७५।०३।१७ गते दिनको १२.०० बजे भित्र यस कार्यालयमा दर्त्ता गरी सक्नु पर्ने छ । दर्त्ता भएको दरभाउपत्र सोहि दिनको दिउसो २.०० बजे यस कार्यालयमा सम्बन्धित प्रतिनिधि तथा कार्यालयका प्रतिनिधिको रोहवरमा खालिने छ । सो समयमा फर्मका प्रतिनिधि वा निजले तोकेको प्रतिनिधि उपस्थिति नभएमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउ पत्र दर्त्ता गर्ने खरीद गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा परेमा उत्त कार्यहरु विदाको लगतै कार्यालय खुलेको दिन सोही समयमा हुने छ ।

८.यो सुचनामा उल्लेखित नभएका कुराहरु प्रचलित कानुन तथा ऐन नियम बमोजिम हुने छ ,।

९ दरभाउपत्र पुर्ण वा आशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यलयमा निहित रहने छ ,यस नगरपालिकाको निर्देशन बमोजिम उल्लेखित सामानहरु नगरकार्यपालिकाको कार्यालय सम्म ढुवानी र जडान गर्ने जिम्मा आपुर्तीकर्त्ताको हुने छ ।

१०.अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावलि २०६४ तथा दरभाउपत्रमा उल्लेख भए बमोजिम हुने छ ।

११.दरभाउपत्र यस कार्यलयको लेखा शाखाबाट खरिद गर्न सकिने छ ।थप जानकारीको लागी यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

१२ गौरादह नगरपालिका को आधिकारकि वेभसाईट www.gauradahamun.gov.np मा पनि यो सुचना प्रकासित गरिएको छ

| दरभाउपत्र न. | सामानको विवरण | परिमाण | धरौटी रकम | दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| 4/2074/075 | HDPE 75mm pipe having density 0f 6kg/sqcm | 9750 RM | | 1000 | |